स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ९, अंक ३०, २०७९ फागुन २३ मंगलवार (Jhuleni Post Weekly 7 Macrh. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com

## प्रधानमन्त्री पुष्पकमल दाहाल विरुद्ध मुद्दा दर्ता

झुलेनी पोष्ट,
प्यूठान



प्रधानमन्त्री पुष्पकमल दाहालविरुद्ध द्वन्द्वकालीन मुद्दालाई लिएर सर्वोच्च अदालतमा मंगलबार मुद्दा दर्ता भएको छ । दाहालले ३ वर्षअघि दिएको अभिव्यक्तिसमेतलाई लिएर सर्वोच्च अदालतमा रिट दर्ता भएको हो । अधिवक्ता ज्ञानेन्द्रराज आरण र कल्याण बुढाथोकीसहितका व्यक्तिहरूले दाहालविरुद्ध दिएका २ वटा रिट सर्वोच्च प्रशासनमा दर्ता गराएका हुन् । यसअघि उनीहरूले गत कात्तिक १४ मा सर्वोच्च अदालतमा दिएको निवेदन कात्तिक २४ मा सर्वोच्च प्रशासनले दरपीठ (दर्ता नगर्ने निर्णय) गरेको थियो ।

दरपीठ भएको रिट निवेदन शुक्रबार न्यायाधीशहरू इश्वरप्रसाद खतिवडा र हरि फुयालको इजलासमा पेस भएको थियो। उक्त इजलासले रिट दरपीठको आदेश खारेज गर्दै सर्वोच्च अदालत प्रशासनलाई दर्ता गर्न आदेश दिएको थियो। सर्वोच्चको उक्त आदेशको लिखित प्रति आइतबार सार्वजनिक भएकोमा मंगलबार रिट दर्ता भएको हो। दाहालविरुद्धको रिटको पेसी बुधबारका लागि तोकिएको छ । दाहालले ०७६ को माघीका अवसरमा काठमाडौंको खुलामञ्चमा आयोजित सभालाई सम्बोधन गर्दै द्वन्द्वका क्रममा मारिएका १७ हजारमध्ये आफूले ५ हजारको जिम्मा लिनसक्ने बताएका थिए। सोही अभिव्यक्तिलाई आधार बनाएर सर्वोच्चमा मुद्दा दर्ता भएको हो । आरणको रिटमा द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्ति र बुढोथोकीको रिटमा अंगभंग, सम्पत्ति कब्जा र लुटपाटलाई मुद्दा बनाइएको छ ।

**माओवादी धारका जती राजनीति लद ठाउमा**

माओवादी धारका राजनीतिक दलले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयहरू सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत अगाडि बढाइनुपर्ने बताएका छन् । मंगलबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको छलफलपछि संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै माओवादी विचारधाराबोक्ने दलहरूले शान्तिप्रक्रियासँग जोडिएका विषय विस्तृत शान्ति सम्झौताको भावना र मर्मअनुरुप व्यवस्थापन गर्नुपर्ने बताएका हुन् । संक्रमणकालीन न्यायको प्रक्रियाविपरीतका कामकारबाही शान्ति सम्झौताका कार्यान्वयनमा सहयोग नपुऱ्याउने पनि दलहरूले बताएका छन्। उनीहरुले संक्रमणकालीन न्यायको प्रक्रिया विपरीतका कामकारबाहीहरूले शान्ति सम्झौताको कार्यान्वयनमा सहयोग पुयाउँदैन भन्ने कुरामा आफूहरु स्पस्ट भएको भनेका छन् ।

शान्ति प्रक्रियाका बाँकी कामलाई टुंगो लगाउन आवश्यक कानुनी एवं संस्थागत व्यवस्थाका लागि उनीहरूले तत्काल पहल गर्न सरकारसँग मागसमेत गरेका छन् ।

प्रधानमन्त्रीसमेत रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको आह्वानमा माओवादी धाराका दलहरूका बालुवाटारमा नेता जम्मा भएर विज्ञप्ति निकालेका हुन् ।

विज्ञप्तिमा प्रधानमन्त्री दाहालसहित नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराई, नेकपाका प्रवक्ता खड्ग बहादुर विश्वकर्मा, नेकपा (बहुमत) का संयोजक धर्मेन्द्र बास्तोला, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका महासचिव विश्वभक्त दुलाल(आहुति), नेकपा (माओवादी समाजवादी)का अध्यक्ष कर्णजित बुढाथोकी र माओवादी कम्युनिस्ट पार्टी, नेपालका सदस्य नारायणप्रसाद धिमालको हस्ताक्षर रहेको छ ।

## वडा कार्यालयले बाँड्यो बाँदर धपाउने बन्दुक

झुलेनी नेटवर्क
प्यूठान





यहाँका ठग बहादुर खत्रीलाई बाँदर धपाउने बन्दुक हुन्छ भन्ने थाहै थिएन। आफू जन्मेदेखि अहिलेसम्म जंगली जनावर बाँदर र बँदेल लगायतले हरेक वर्ष खेतीवाली नष्ट हुँदा हैरानी व्योहोर्दै आएको ८२ वर्षिय खत्री बताउँछन् । हिउँदे र वर्षेबाली गरि दुई बालि मात्रै लगाउँदै आएकोमा घरका एक जनाको बाँदर हेर्ने मात्रै काम हुने उनको भनाई छ । 'गाउँघरमा कुकुर र बाँसको कप्टेरा बजाएर पहिले पहिले बाँदर धपाउने गर्थ्यौं', उनले भने, 'आजभोलिका बाँदर डरै नमानि बारीमा पस्दा उल्टै आफैलाई पिट्ने डरले भाग्नुपर्ने भएको थियो ।'

चौथी लगाउने टोल विकास संस्थाका अध्यक्ष बिर बहादुर थापा बाँदर धपाउने बन्दुक पाउँदा धैरै किसानहरु खुसि भएको बताए । टोल विकास संस्थाको मातहतमा चल्ने गरि दुई वटा बन्दुक आफुहरु संग रहेको भन्दै ३५ बर्षिय थापाले बाँदर आएमा आफु बन्दुक लिएर पट्काउन जाने बताए। 'देख्दा सानो काम जस्तो भै लाउँछ', थापाले भने, 'वडा कार्यालयले किसानको लाखौको बालीनाली जोगाउने राम्रो योजना लिएको मैले महसुस गरेको छु।' त्यस्तै बर्वोट टोल विकास संस्थाको सचिव सुनिता कामीलाई बाँदर धपाउने काम नै गर्न परेको गुनासो सुनाइन् । महिलालाई बाँदरले नटेरेर एक, दुई पटक पिटेको समेत उनले दुखेसो सुनाइन् । महिलाहरुले पनि सजिलै पट्काउन सकिने बन्दुकबाट आवाज मात्र ठुलो आउने, आवाज सुन्दा जंगली जनावर तर्सिएर भाग्ने गरेको सुनिताले बताइन् । बँदेल र बाँदरले खेतिबाली खाइदिँदा हैरान भएका खत्रीले नव निर्वाचित वडा अध्यक्षलाई बिकल्प खोजेर बालीनाली जोगाउन बारम्बार आग्रह गर्दै आएका थिए । 'आफूले पनि सानैदेखि यहि समस्या भोगेको थिए', वडा अध्यक्ष नोमराज पौडेलले भने, 'स्थानीयबाट धेरैपटक अनुरोध आएकाले इन्टरनेटमा खोजेर यस्तो बन्दुक फेला पारेको हुँ। इन्टरनेटमा बाँदर धपाउने बन्दुक हुने थाहा पाएपछि अध्यक्ष पौडेलले महाविर पुनले संचालन गरेको राष्ट्रिय आविस्कार केन्द्र काठमाडौंमा सम्पर्क गरि यस्तो खाले बन्दुक आफ्नो गाउँ भित्राएका हुन्। आ.व. २०७९/८० को वार्षिक स्विकृत बजेटबाट वडा कार्यालयले करिब १ लाख रुपैयाँ बरावरको लागतमा २६ वटा बन्दुक खरिद गरेको हो । स्थानीयले अँभैपनि बन्दुकको माग गरेकोले आगामी आर्थिक वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिने अध्यक्ष पौडेलको भनाई छ यो प्रविधी निकै प्रभावकारी भएकाले बँदेल र बाँदर धपाउनुको साथै गाउँमा परम्परागत रुपमा चल्दै आएको विवाह, छोरा छोरीको छैठीमा समेत पट्काउन मिल्ने हुँदा संस्कृतिको पनि जगेर्ना गर्न सकिने उनको भनाई छ ।

### हाम्रो नजर

## सरकारी सवारी दुरूपायोग नहोस्



*यिनी हुन जिल्ला समन्वय समिति सभाहल खलंगा परिसरमा केहि समय पहिले पार्किङ गरि राखिएका स्थानीय तहका सरकारी सवारी साधन । सरकारले संघीयता लागु गरेसँगै सिंहदरवार गाउँ गाउँमा पुऱ्याउने घोषणा गरेको थियो । सोहि अनुरुप स्थानीय तह कार्यान्वयन भएसँगै गाउँ घरमै पालिकाको कार्यालय स्थापना गरी स्थानीय तहले सेवा दिदै आएका छन् । स्थानीय तहले सेवाग्राहिका कैयौं काम गर्नुपर्ने हुन्छ । जसका लागि सिमित स्रोध साधनले भ्याउन सक्ने स्थिती छैन ।*

*अति आवश्यक कामका लागि सरकारी सवारी साधन प्रयोग बिना सभव देखिदैन नै । तर शनिवार र सरकारी बिदाको दिन पालिकाको अति जरुरी काम बाहेक ब्यक्तिगत रुपमा सरकारी सवारी प्रयोग गर्न पाइदैन । अति जरुरी परे जिल्ला प्रशासन कार्यालयबाट सिफारिस लिनुपर्ने हुन्छ । सवारी प्रयोगसँगै त्यसमा प्रयोग हुने इन्धन र ड्राइभरका लागि भत्ता, खाजा, खाना लगायत धेरैमा सरकारी धन खर्च हुन्छ । यतिका सवारी साधन बिना काम र अनुमति बिना गुडाउने हो भने राज्यको पैसा दोहन हुने हुन्छ । बिदाका दिन सरकारी सवारी चलाएको स्थानीय रुपमा गुनासो बढिरहेका छन्।*

*राज्यले सदुपयोगका लागि दिएको सरकारी साधन सदुपायोग भएमा स्यावासी र दुरुपयोग भयो भने गाली बर्सिहाल्छ । स्थानीय तह प्रत्येकका मोटरसाइकल बाहेक कमितमा एक/एक सरकारी स्कार्पियो छन् । ९ वटा सकारी गाडि सदुयोग वा दुरुपयोग दुबै जोड्ने हो भने मासिक रुपमा लाग्ने इन्धन, ड्राइभरका लागि तलव भत्ता, गाडि मर्मत लगायतमा लाखौ खर्च हुन्छ । यसैले सर्वसाधारणको सेवाका लागि उपलब्ध गराइएका सरकारी सवारी साधन सदुपयोग गर्नु र सरकारको धन फजुल खर्च हुनबाट जोगाउने कर्तव्य स्वयम् जनप्रतिनिधि र कर्मचारिको हो । अनावश्यक गाडि गुडाउनुको साटो सस्तोमा काम सम्पन्न हुने गरी स्थानीय तहका जनप्रतिनिधिले काम गर्नु जरुरी छ । त्यसैले सरकारी सवारी साधनको मितव्ययी प्रयोगका लागि ध्यानाकर्षण हुन जरुरी देखिन्छ ।*

## नौबहिनीको काम, फुसका छाना हटाउँ अभियान



*यो दृश्य नौबहिनी गाउँपालिका प्यूठानले स्थानीयलाई जस्ता पाता वितरण गर्दाको हो । स्थानीय तह लागुभएसँगै निर्वाचित जनप्रतिनिधिहरुको आफ्ना मतदाताको मन जित्न नयाँ र नौला योजना पस्कने होडबाजि चलिरहेको छ । यसै अनुसार नौबहिनी गाउँपालिकाले पनि फुसका छाना हटाएर जस्ताका छाना लगाउने अभियान सञ्चालन गरेको छ । अहिले नवनिर्वाचित जनप्रतिनिधिले स्थानीयको मत जित्न यस्तो अभियान थालेको हो । गर्मियाम लागेसँगै गाउँमा फुसका छाना भएका घरमा जंगल वा घरमै लापरवाहिका कारण आगलागि जोखिमको समस्या हुने भएकाले उनिहरुको समस्यालाई मध्येनजर गरी निशुल्क वितरण गरिएको जस्तापाता उपलब्ध गराउने अभियान उदाहरणीय छ*

*यति मात्र नभई स्थानीय तहले बासको व्यवस्था व्यवस्थापनसँगै गासको लागि उद्यमशिलता तालिम, स्वरोजगारमुलक कार्यक्रममा सहयोग, कृषि खेतीमा आधुनिकिरण र त्यसको बजार व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ । चर्चाको लागि मात्र नभई उनिहरुको सहारा बन्नेतर्फ गाउँपालिकाले योजना बनाउन चनाखो बन्नुपर्ने हुन्छ। गाउँपालिकाले निशुल्क उपलब्ध गराएको जस्तापाता सर्वसाधारणले सहि सदुयोग र उचित व्यवस्थापनमा ध्यान दिउन । गाउँपालिकाको उदाहरणीय कामको लागि सलुट छ ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## संक्रमणकालिन न्याय छिटो टुङ्गोमा पुऱ्याउ

संक्रमणकालीन न्यायलाई यथाशीघ्र टुंगोमा पुऱ्याउन नसकेका कारण देश ठूलो भुमरीका फस्ने देखिएको छ। राज्य पक्ष र तत्कालीन सशस्त्र विद्रोही पक्षबिच भएको विस्तृत शान्ति सम्झौतामा संक्रमणकालीन न्यायका माध्यमबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने भनिएको १६ वर्ष पूरा भइसक्दासमेत कतिपय विषय टुंगोमा नपुगेका कारण समस्या देखिएको हो।

संक्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतको आदेश, यस आयोगले विगतमा दिएका सुझाव र अन्तर्राष्ट्रिय मान्यताबमोजिम हुने गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न र यथाशीघ्र आयोगहरु गठन गरी यस विषयलाई छिटो टुंगोमा पुऱ्याउन नेपाल सरकार र सम्बद्ध सबै पक्ष लाग्नुपर्छ । संक्रमणकालीन न्यायको विषयमा केही दिनदेखि सर्वत्र चर्चा भइरहेको छ। न्यायको मागसहित सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न गएको विषयमाथि केही राजनीतिक दलहरुले प्रश्न उठाएका छन्। यसले द्वन्द्वपीडितको न्याय खोज्ने हकमा प्रभावपार्न खोजिएको छ।

संक्रमणकालीन न्यायको छुट्टै विधि र प्रक्रिया भए तापनि मानव अधिकार उल्लंघनका घटनाहरुमा न्याय प्राप्तिका लागि न्यायिक निकायमा प्रवेश गर्न पाउने पीडितको हकलाई बन्चित पार्न हुदैन।

# ओ शासक ! जनहितमाथि लोप्पा किन ?



**सागर पण्डित**

जनताको नाम भजाएर जनताकै लागि राजनीति गर्न भनेर आएका शासकहरू जनताका मुख्य समस्याहरू समाधान गर्ने विषयमा कहिल्यै पनि संवेदनशील देखिन सकेका छैनन्। 'मै खाऊँ, मै लाऊँ, मै गरौं सुखसयल मोजमज्जा' भन्ने भावना हाम्रा शासकहरूमा अत्यधिक छ । विशेषगरी लोकतन्त्र र गणतन्त्र प्राप्तिपछि यहाँका तीन प्रमुख दलहरू काँग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरू लगातार शासन सत्तामा छन्। तर, जनताका मुख्य सरोकारको विषयको रूपमा रहेको स्वास्थ्य, शिक्षा र रोजगारीको विषयमा उनीहरूले कहिल्यै पनि नयाँ नीति, योजना र कार्यक्रम ल्याएर जनतालाई राहत दिने अभियान थाल्नै सकेनन् । नेपालमा यहाँका जनताहरू ठगिनुपरेकै स्वास्थ्य र शिक्षासम्बन्धी समस्याले हो।

शासकहरूकै संरक्षणमा स्वास्थ्य र शिक्षामा लुटतन्त्र मच्चिरहेको छ। सरकारी स्वास्थ्य संस्थाले गुणस्तरीय स्वास्थ्य सेवा दिन सकेका छैनन्। राज्यले स्वास्थ्य सेवामा गरेको लगानी बालुवामा पानीसरह छ। स्वास्थ्य क्षेत्रमा रहेका कयौं विकृतिलाई रोक्न सरकारी निकाय असफल छ । शिक्षा क्षेत्रमा त्यस्तै विकृति छ । सरकारी विद्यालयहरूको अवस्था अत्यन्तै दयनीय छ। अहिले त मुलुकमा केन्द्रीय, प्रदेश र स्थानीय गरी तीनवटा सरकार छन्। तीनवटा सरकार रहँदा पनि मुलुकको स्वास्थ्य र शिक्षामा सुधारका लागि तीनवटै सरकारमा रहेका शासकहरू अत्यन्तै गैरजिम्मेवार देखिँदै आएका छन्।

नयाँ संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अंगीकार गरे पनि सो शासन व्यवस्थाको वास्तविक मर्मनुसार काम हुन सकेको छैन। संविधान जारी भएपछि सत्तामा रहँदै आएका काँग्रेस, एमाले र माओवादीका नेताहरूले संविधानलाई कागजको खोस्टो बनाइदिएका छन्।

संविधानमा आफ्नो स्वार्थ पूरा गर्नेगरी शासकीय स्वरूप बनाएका उनीहरूले शासन सत्तामा रहेर 'लुटतन्त्र' मच्चाउँदै आएका छन् तर जनतालाई सेवा सुविधा दिने विषयलाई भने उनीहरूले पूरै बेवास्ता गर्दै आइरहेका पाइएको छ। हेरौं त यिनीहरूको चर्तिकला, राष्ट्पति, प्रधानमन्त्री तथा मन्त्री कसलाई बनाउने भन्ने विषयमा विभिन्न नामधारी गठबन्धन र तिनका नेताहरू रातदिन बैठक बस्छन् । आफ्नो स्वार्थ पूरा गर्ने विषयमा यिनीहरूलाई कुनै भोक, तिर्खा हुँदैन । मिनेटमिनेटमा बैठक बस्ने गर्छन्।

तर, जनता महँगीले आक्रान्त बनेको विषय, बिहान र बेलुकी के खाऊँ ? भन्ने समस्याले सताइएको विषय, बिरामी हुँदा सिटामोल र जीवनजलसमेत नपाएर अकाल मृत्युवरण गर्नुपरेको विषय यी शासकको दिमागमा कहिल्यै पनि घुस्दैन । यो अत्यन्तै विडम्बनापूर्ण कार्य हो। जनता चिच्याइरहेका छन्, रोदनवेदनले छट्पटाइरहेका छन् तर हाम्रा शासक प्रशासकहरू सिंहदरबार र बालुवाटारमा बसेर निरोले जसरी नै मस्ती तालमा बाँसुरी बजाइरहेका छन्।

संघ, प्रदेश र स्थानीय गरी तीनवटा सरकारमा काँग्रेस, एमाले र माओवादीकै नेताहरूले शासकका रूपमा हालीमुहाली मच्चाउँदै आइरहेका छन् तर आमजनता भने गास, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका समस्याले आक्रान्त हुँदै आइरहेका छन् । जनताका तमाम समस्याका 'दयगतमा ती दल र दलद्वारा शासनसत्तामा लुट मच्चाउन बनाइएका गठबन्धनको बैठकमा कहिल्यै पनि छलफल नै हुँदैन।

ती गठबन्धन बैठकमा सधैं छलफल हुने विषय हुन् 'कुन पदमा को बस्ने ? कसले कति भाग खाने ? विभिन्न पदमा कोको आसेपासेलाई नियुक्त गर्ने ? समग्रमा सबै मिलेर खानेलगायत । सधैं बाँडीचुँडी आफू र आफू निकटका लाई खुवाउने विषयमा मात्रै छलफल हुने गरेको गठबन्धन बैठकमा संविधानमा उल्लिखित जनतालाई दिने सेवा सुविधाका 'दयगतमा कहिल्यै गम्भीर छलफल हुन नसक्दा आमजनता प्रमुख दल र ती दलबाट आउने शासकहरूसँग वाक्कदिक्क हुन थालेका छन्।

'अति भएपछि खति हुन्छ' भन्ने उखान यी नेता शासकहरूले बिर्सिएका छन्। सम्भवतः अहिले यिनीहरूले जे जस्तो हर्कत मच्चाइरहेका छन्, त्यसको परिणाम भनेको अन्ततः पतन नै हो। जनताको समस्यालाई आत्मसात गर्न नसक्ने ठालु शासकहरूलाई जनताले नै घोक्रेठ्याँक लगाइदिएका उदाहरणहरू धेरै छन् । अहिले हामीकहाँ ठालु शासकहरू लुटतन्त्र मच्चाउने खेलमा दौडिरहेका छन्।

यिनै नेता र शासकहरूले बनाएको नेपालको संविधान, २०७२ को भाग ३ का विभिन्न धाराहरूमा मौलिक हक र राज्यको कर्तव्यसम्बन्धी व्यवस्था गरिएको छ। यसैगरी संविधानको भाग ४ का विभिन्न धाराहरूमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी व्यवस्था गरिएको छ । तर, शासकहरूले संविधानको सो भाग र धाराहरू राम्ररी पढ्न छोडिसकेका छन्। सायद ती भाग र धारामा के लेखिएको छ ? भन्ने कुराको समेत उनीहरूलाई कुनै हेक्का छैन। अकूत सम्पत्ति आर्जनले उनीहरूको मानवीय संवेदना हराएको छ।

हाम्रा शासकहरूले संविधानमा भएका विषयलाई राम्ररी मनन गरेर जनहितका लागि महत्वपूर्ण कार्यक्रम लागू गर्न सकेको भए आज देश विकास र समृद्धिको मार्गमा निकै अघि बढिसकेको हुन्थ्यो । तर, तिनै नेताहरूको स्वार्थ, लोभलालच र बदमासीका कारण आज मुलुक र मुलुकवासी विभिन्नखाले समस्याले ग्रसित छन् । संविधानसमेत कार्यान्वयन गर्न नसक्ने यी फन्टुस नेताबाट अरू के आशा गर्ने ?

मौलिक हकमा जनताको स्वास्थ्य, शिक्षा, समानता, रोजगारीको हक, श्रमसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, सामाजिक न्यायको हक, उपभोक्तासम्बन्धी हकलगायतका नागरिकका महत्वपूर्ण हकको व्यवस्था गरिएको छ।

यिनै शासकहरूले बनाएको संविधाको धारा ३५ मा रहेको स्वास्थ्यसम्बन्धी हकमा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र 'कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन' भन्ने प्रावधान समेटिएको छ । तर, नागरिकहरू सुलभ र भरपर्दो स्वास्थ्य सेवाबाट पूर्ण रूपमा वञ्चित हुँदै आइरहेका छन्। दूरदराजका गाउँलेहरू सिटामोलसमेत पाउन नसकी विभिन्न रोगसँग संघर्ष गर्न बाध्य भइरहेका छन्। उपचारको अभावमा उनीहरू अकाल मृत्युवरण गर्नसमेत बाध्य छन् । यस्तै, नागरिकलाई दिने मौलिक हकअन्तर्गत धारा ३३ मा उल्लिखित रोजगारीको हकमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने व्यवस्था गरिएको छ। बेरोजगारलाई राहतको समेत व्यवस्था गर्ने उल्लेख छ । तर, व्यवहारमा यिनै शासकहरूले बेरोजगारीको कहालीलाग्दो अवस्था बनाएका छन् भने बेरोजगारीका लागि राहतको कुनै व्यवस्था गर्न सकेका छैनन्। दैनिक हजारौं युवा विदेशमा पलायन हुनुपर्ने दुःखदायी अवस्था छ।

यस्तै, संविधानको धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था गरिएको छ। व्यवहारमा भने यो शून्यजस्तै छ। यस्तै, संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हकको व्यवस्था गरिने उल्लेख छ। तर, सर्वसाधारण नागरिकका लागि गुणस्तरीय शिक्षा 'आकाशको फल आँखा तरी मर' भनेजस्तै हुने गरेको छ।

यस्तै, मौलिक हकअन्तर्गत धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक, धारा ४४ मा उपभोक्ताको हकसम्बन्धी व्यवस्था गरिएको छ । तर, यी सबै धारा मात्रै संविधानभित्र सीमित छन् । शासकहरूले मौलिक हकको कार्यान्वयनका 'दयगतमा कहिल्यै पनि गम्भीरतापूर्वक छलफल गरेका देखिएको छैन। संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयनसम्बन्धी व्यवस्था गरिएको छ तर शासकहरूले संविधान कार्यान्वयनसम्बन्धी धाराहरूलाई नै 'लोप्पा' खुवाइदिएका छन्। शासकहरूले संविधानको धारा ५० मा लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्न विभिन्न खालका निर्देशक सिद्धान्त, नीति तथा कार्यक्रम बनाउने व्यवस्था गरे पनि त्यस्ता व्यवस्था संविधानको धारा (कागज) मा मात्रै सीमित भइरहेको देखिन्छ।

संविधानको धारा ५१ मा जनतालाई प्रभावकारी सेवा सुविधा दिलाउन दर्जनौं नीतिहरू अवलम्बन गर्ने व्यवस्था गरिएको छ।

तर, तीमध्ये अधिकांश नीति नै बन्न सकेका छैनन् । शासकहरू त्यस्ता नीति बनाउन उदासीन रहँदै आएका छन्। समग्र मुलुक र जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृति अवस्थामा सुधार गर्नेगरी नीति बनाउने व्यवस्था संविधानमा गरिएको भए पनि तीमध्ये अधिकांश नीति हालसम्म तर्जुमा नै हुन नसक्नुले शासकहरूको खलनायकीपन देखाउँछ । त्यसैले, शासक नेताहरूले अब जनतासँग लाज र शर्म मान्नैपर्छ । समयमै सच्चिएर संविधानमा भएका जनहितका धारा उपधारालाई छिटोभन्दा छिटो कार्यान्वयनमा ल्याउनुपर्छ अन्यथा पतनको बाटो रोज्नुपर्ने हुन्छ।

*राजधानि दैनिकबाट साभार।*

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट
साप्ताहिक

# एमालेलाई सुनौले अवसर !






**कृष्णमुरारी भण्डारी**

मेसेन्जरमा बिहानै परराष्ट्रमन्त्री पद गएपछि विमला राई पौडेलले ऋषि धमलालाई दिएको अन्तर्वार्ता हेरैं। उनको रोइलो सुनेपछि लाग्यो- एनजिओकर्मीहरूमा राजनीतिक नेतृत्वको जिम्मेवारी पाउँदा पनि जागिरे मानसिकता परिवर्तन हुँदोरहेनछ! राजनीतिक संकट र परिवर्तनको हावाहुरी चलिरहेका बेला विदेश जानबाट रोकिने मात्र होइन, उँडिसकेको हवाईजहाज पनि फर्काइन्छ। यो स्वाभाविक हो। विषय होइन, भ्रमणलाई मुद्दा बनाउँदा विषय ओझेलमा परेको देखियो।

ढिलै भए पनि सोमबार एमालेले सही निर्णय गर्यो। त्यसो त दुई दिनअगावै प्रचण्डले कांग्रेसका रामचन्द्र पौडेललाई राष्ट्रपतिको उम्मेदवार प्रस्ताव गरेर सत्ता समीकरण भत्कियो भनिसकेपछि कार्यकारीसम्बन्धी सामान्य ज्ञान हुनेले गर्नुपर्ने काम भनेको तत्कालै सरकार छाड्नु हो। प्रधानमन्त्रीसँग टाँसिएर बस्नु होइन। जुन कुरा महसुस गर्नलाई एमालेका मन्त्रीहरूलाई बिना विभागीयसम्म भएर बस, प्रधानमन्त्रीले नै भन्नुपर्‍यो। अब प्रतिनिधिसभाको दोस्रो ठूलो दल एमाले प्रमुख प्रतिपक्षी बेन्चमा पुगेको छ। एमालेको सदन र सडक खबरदारी कस्तो होला?लोकतन्त्रमा प्रमुख प्रतिपक्षलाई भावी सरकार पनि भनिन्छ। तर किस्तीमा राखेर कसैले एमालेलाई सरकारको जिम्मेवारी दिँदैन। प्रमुख प्रतिपक्षले जनताको मन मस्तिष्कबाट मत पाएर स्पष्ट बहुमतसहित सरकार बनाउन सक्नुपर्छ। त्यसैले संसदीय अभ्यासमा प्रमुख प्रतिपक्षी दलको नेतालाई 'वेटिङ प्राइममिनिस्टर' भनिएको हो। लोकतन्त्र भनेकै तुलनात्मकरूपमा वैकल्पिक अब्बल शक्तिलाई निर्वाचनमार्फत अनुमोदन गर्ने हो।

सत्ताबाट एमालेको बहिर्गमनले धेरै आयामहरू खोलेको छ। सबै भन्दा पहिला उसले लिएको नीति, सिद्धान्त र दृष्टिकोणलाई पुनरावलोकन गर्न पाउनेछ। प्राप्त नतिजाअनुसार पार्टीलाई सुधार्ने अवसर पाउनेछ। जनवर्गीय संगठनहरूलाई पुनर्गठन गरेर संगठनमा नयाँ रक्तसञ्चार गर्न सक्नेछ।

चाहने हो भने मजदूर, किसान, युवा विद्यार्थीको नेतृत्वमा योग्य व्यक्तिलाई आउन नदिने र चाकरवाजहरूले घेर्ने प्रवृत्तिबाट छुटकारा दिलाउन सक्नेछ। सबै भन्दा महत्त्वपूर्ण कुरा बाटो बिराएको आदर्श, सिद्धान्त र विचारको राजनीतिबाट आफू, आफ्नो संगठन र देशको समग्र राजनीतिलाई एउटा प्रष्ट दिशानिर्देश गर्ने सुरुवात गर्न सक्नेछ। यसले सबै भन्दा ठूलो र दोस्रो दलले तेस्रो अनि आफूहरू भन्दा तीन गुना सानो दललाई बोकेर सत्तामा पुर्‍याउने र उसको हरूवा-चरुवा बनेर गलत तथा लोकतन्त्रको मानमर्दन गर्ने चलनलाई इन्कार गर्ने आँट पैदा गराउन सक्छ। तर के यो अहिलेको एमाले नेतृत्वबाट संभव छ?पार्टी अध्यक्ष केपी शर्मा ओलीले चाकरबाजहरूले 'बा' भनेर दुरूपयोग गरिरहेको घेरा तोड्न सक्लान्?मैले जे भने पनि मान्छन् भन्ने अहंबाट आफूलाई सुधार्न सक्छन्?यही हो एमाले र ओलीका लागि सुनौलो अवसर! एमाले नेतृत्वमा अलिकति इख छ र आमकार्यकर्तामा विश्वास हुने हो भने प्रमुख प्रतिपक्ष बनेर उसले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ। जनजीविकाका सवाल उठाइरहन सक्छ। सुशासन र पद्धतिको बहस ग्रासरुटमै पुर्याउन सक्छ। क्वाँटी गठबन्धन सरकारलाई दबावमा राखिरहन सक्छ। कर्मचारीलाई तलब खुवाउन ऋण लिनुपरेको छ भन्नेहरूको एकताको सरकारसँग के कार्यक्रम छ?प्रश्न उठाउन सक्छ। प्रतिपक्षले संसद्मा सत्तापक्षलाई ऱ्याखऱ्याख्ती पार्न सक्छ। देशको बजेट उधारोमा छ। समग्र उद्योग-व्यापार घाटामा छ। खाद्यान्नसम्मको आयातले सगरमाथाको उचाइलाई वामपुड्के बनाइसक्यो। विदेशी सहयोग र लगानी घट्दो छ। परनिर्भरता बढ्दो छ। मुलुक अस्थिरतातिर धकेलिइरहेको छ। विदेश जाने युवाहरूको लर्को मात्र होइन, काठको बाकसमा सम्पत्तिको लास आउने क्रम पनि घटेको छैन।

गाउँ/बस्ती उजाड हुँदैछन्। लास उठाउने मानिसको अभाव हुन थालेको छ। पुरुषहरू मात्र होइन, चेलीहरू पनि घरेलु कामदार बन्दै विदेशमै बेचिन विवश छन्। भूराजनीतिका कारण अस्थिरता जटिल बनिरहेछ। स्थानीय तहका जनप्रतिनिधि भनेका पनि भ्रष्टाचार र कमाउधन्दामा लिप्त छन्। भारतीय दबदबाबाट वाक्कदिक्क भएको नेपालमा यतिखेर अमेरिकी पदाधिकारीहरूको भ्रमणले भारतीयलाई पनि उछिनेको छ। हिजो पहाडका मानिस तराईमा जान्थे। यतिखेर परिस्थिति बदलिँदैछ। त्यसैले तराईका मानिस पहाडतिर उक्लन थालेका छन् भने भारतीयहरू तराईमा बढिरहेछन्।

अरू देश कूटनीतिको प्रयोग गर्छन् तर हाम्रो दक्षिणी छिमेकी जनसंख्याको बाढी नेपालतर्फ ठेलिरहेको छ। भारतीय जासुसी संस्था 'र' को गतिविधि नेपालमा बढ्यो भनेर यहाँका पत्रपत्रिकाका पाना रंगिइरहेको बेलामा अचम्मसँग सिआइएका जासुसहरूको भ्रमण बाक्लिँदै गएको छापिन थालेको छ। यस्तो बेलामा केही गरी सत्तापक्षले विवादित नागरिकता विधेयकलाई पारित गर्न लाग्यो भने त्यसले उत्पन्न गर्ने अवस्था सम्हालिनसक्नु हुने अनुमान गरिरहनै पर्दैन।

प्रधानमन्त्री पुष्पकमल दाहालका विकल्प, चतुर्याइ र धुर्त्याइँहरूका सीमा दिन-परदिन खुम्चिँदैछन्। प्रमुख प्रतिपक्षमा रूपान्तरण भएको एमालेले बुद्धि पुर्याउन सक्यो भने उदांगिने क्रम अझ सशक्त र प्रभावकारी बन्ने निश्चित देखिँदैछ। नेताहरूले थोरै बोल्ने र नबोलेर आफूले विगतमा अगाडि बढाएका मुद्दाहरूलाई मात्र जिम्मेवार ढंगले उठाउने हो भने एमाले नेतृत्वले अरू धेरै गरी/भनिरहनै पर्दैन। लिपुलेक-लिम्पियाधुरा र कालापानी, इपिजी, बिआरआइ, समृद्ध नेपाल सुखी नेपाली, महँगी बेरोजगारी, भ्रष्टाचारका विषयहरूलाई कसिएर उठाउन थालेपछि सरकारका नौनारी गल्न थाल्ने निश्चित छ किनभने अब बन्ने सरकारमा मुलुकलाई समस्याबाट मुक्त गर्न स्वच्छ छवि भएका विज्ञ, विषयविद् र नैतिकवान व्यक्तिहरू समावेश भएको मन्त्रीहरूको सरकार होइन, गनाएका र सधैं सत्तामा बसेर विचलन गरिरहेका ठेकेदार, बिचौलिया र माफियाहरूकै मतियारहरूको हालिमुहाली हुने लक्षण देखिइसकेको छ। एमालेसँग तालमेलबाट बनेको सरकार पुनर्गठन गरेर प्रधानमन्त्री प्रचण्डले जुन आठदलीय नयाँ गठबन्धन गरेका छन् सहभागी साना दलहरू उनीसँग अनेक र धेरै मन्त्रालय मागिरहेका छन्।

सबै दललाई मन्त्रीको भाग पुर्याउन संविधानले तोकेको मन्त्रीहरूको संख्याले प्रधानमन्त्री प्रचण्डलाई बाँधिरहनेछ। कसैलाई पनि मागे जति पुग्नेवाला छैन। आठवटै दल मलाई यतिवटा मन्त्रालय देउ होइन भने...भन्दै बसेका छन्। त्यसबाहेक नेपाली कांग्रेस र माओवादीबीचमै महत्त्वपूर्ण मन्त्रालय कसले कुन कुन लिने भन्नेमै माथापच्चिसी हुनेछ। मानका खातिर मान खोज्ने माधव नेपाललाई कुन कुन मन्त्रालय दिने? अनि उपेन्द्र यादवलाई उनले खोजेको मन्त्रालय दिने कि नदिने?उपेन्द्रलाई हराउने डा. सिके राउतलाई नि?अनि महन्त ठाकुर?नागरिक उन्मुक्ति पार्टी? चित्रबहादुर केसी?झिनामसिना मन्त्रालयले कोही मान्नेवाला देखिँदैनन्।

प्रचण्डसँग सरकारबाट बाहिरिएर प्रतिपक्षमा पुग्नु एमालेका लागि किन पनि दूरगामी महत्त्वको विषय हो भने लोकतन्त्रमा प्रतिपक्षी बेन्चमा बसेपछि मात्र जनताका खास मुद्दा थाहा पाइने र जनता नजिक पुग्न पाइन्छ। प्रमुख प्रतिपक्षको मुख्य काम भनेकै संदनमा प्रस्तुत भएका विधेयकलाई राम्रोसँग चिरफार गर्ने?त्यसमा भएका गलत कुरा उठाउने, गलत मनसायले ल्याइएको भए भण्डाफोर गर्ने हो। त्यसबाहेक जनजीविकाका सवाल, सुशासन, भ्रष्टाचारविरूद्ध हरेक सदनमा मुखरित गरिरहने हो। जनताको आवाज बुलन्द गरेपछि प्रतिपक्षी पार्टीले आफ्ना समस्या उठाएकामा जनताले उनीहरूलाई आफ्नो ठान्न सक्छन्। यसले पार्टीको प्रभावलाई अझ विस्तार गर्न मद्दत पुग्छ। त्यसबाहेक सरकारका नीति कार्यक्रमको विकल्पमा जनपक्षीय नयाँ विकल्पहरू प्रस्तुत गर्ने। सरकारलाई जनताप्रति जवाफदेही बनाउन दबाब सिर्जना गरिरहने।

सरकारले जनताका दुःख, पीर मर्काको निवारण गरेन भने सडक तताउने विकल्प पनि प्रमुख प्रतिपक्षलाई हुन्छ। यसरी सदनदेखि सडकसम्म प्रमुख प्रतिपक्ष नीतिगत, कानुनी र राजनीतिक लडाइँमा सशक्त बन्न सक्छ। एमालेका लागि प्रमुख प्रतिपक्षको भूमिका पार्टीभित्र रहेको द्वन्द्व, असहमत र फरक मत राखेर बेग्ल्याइएका सदस्यहरूलाई मदन भण्डारीले झैं अब नेतृत्व गर्ने तिमीले नै हौ भनेर उनीहरूलाई मूल प्रवाहमा ल्याउन सकिन्छ। पार्टीमा रहेको विभाजनलाई न्यूनीकरण गर्ने थालनी गर्न सकिन्छ। यसो गर्दा वर्तमान नेतृत्वसँग असहमत बनेर बेग्लिएकाहरू पनि समावेश हुन सक्छन्। निष्क्रिय बनेका सदस्यहरू सक्रिय बने भने पार्टीले नवजीवन पाउँछ। सक्षम कार्यकर्ताहरूमा जागरण आउन थालेपछि उनीहरूको क्षमताका अगाडि चाकरबाजहरू क्रमैसँग किनारा लाग्न थाल्छन्।

प्रचण्ड नेतृत्वको सरकारबाट अलग्गिएपछि एमालेलाई अर्को ज्यादै ठूलो लाभ भएको धेरैले भेउ पाउनै सकेका छैनन्। तथाकथित वामपन्थी एकताको नाउँमा सत्तामा नबसी खाएको आड्मै लाग्दैन भन्ठान्ने क्रान्तिकारीहरूको कन्दनी च्वाट्टै चुँडिएको छ। नामका वामपन्थी, कामका दक्षिणपन्थीहरूको सदाबहार बाजाको टुटी यतिखेर भाँचिएको छ। एमालेभित्रका लोभीपापीहरू पनि उदांगिएका छन्। वामपन्थी भन्ने एक थोपो तत्त्व नभएकासँग गरिएको वामपन्थी एकता दक्षिणपन्थी भासमा जाकिएको छ। ठूलो भाग पाउन र सत्तामा सधैं टाँसिइरहन शास्त्रीय वामपन्थीहरूले प्रयोग गरेको नीतिलाई माओवादी अध्यक्ष प्रचण्डले संसदीय राजनीतिमा आएदेखि प्रयोग गरिरहेका छन्। उनको मार्गदर्शक सिद्धान्त हो- अस्थिर लोकतन्त्रमा वामपन्थीहरूले खेल्नुपर्छ।

क्रान्तिकारीरूपमा आफूलाई सधैं परिचालित गर्नुपर्छ र क्रान्तिकारी कामलाई अगाडि बढाइरहनुपर्छ। यसो गर्दा सधैं सत्ताको लाभ लिन सकिन्छ। चाहे त्यो आफ्नै नेतृत्वमा होस् नसके अरूलाई आफ्नै काँधमा चढाएर होस्। सत्ता राजनीति प्रचण्डको एकमात्र अर्जुनदृष्टि रहेको जगजाहेर भैसकेको छ। प्रचण्ड संसदीय राजनीतिमा आएदेखि यही खेल खेलिरहेका छन्। अस्थिरता कायम राखिरहन सकियो भने सधै मोलमोलाइ गर्न पाइन्छ। देशमा स्थिरता कायम भयो भने मोलमोलाइ गर्ने मूल सुक्छ। त्यसैले उनी स्थिरताको घोर विरोधी हुन्। प्रचण्ड अहिलेसम्म सबैलाई खेलाउन सफल भैरहेका छन्। पटक पटक कांग्रेसलाई खेलाए। एमालेलाई खेलाए। झिनामसिनाका के कुरा?अहिले भर्खरै फेरि एमालेलाई अर्को पत्ती फालेर कांग्रेसमै पुगेका छन्। लोकतन्त्रको विशेषता नै हो, अस्थिरताको बाहकलाई उसैले खनेको खाल्डोमा अस्थिरतासँगै पुर्याएर पुरिदिने। त्यसैले लोकतन्त्रमा सत्ताको विष झार्न प्रतिपक्षको भूमिकालाई महत्त्वपूर्ण मानिएको हो। राज्यका तीनै अंगबीच शक्तिको पृथकीकरण, सुशासन, पारदर्शिता, विकेन्द्रीकरण, स्वतन्त्र प्रेस, मानव अधिकार लोकतन्त्रको अविभाज्य अवयव हुन्। प्रतिपक्षको बेंन्च, जहाँ अहिले प्रचण्डको बठ्याइँ धुर्त्याइँ र गैरराजनीतिक आचरणबाट थकित बनेर पुगेको छ एमाले। प्रतिपक्षको यो आसन नै एमालेको उज्यालो भविष्यका लागि सुनौलो अवसर हो।

*नागरिक दैनिकबाट साभार ।*

## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं

अनुरोधक : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
ऐरावती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बरौंला प्यूठान

## जन्मदिनको अवसरमा अक्षयकोष स्थापना

मल्लरानी । मल्लरानी गाउँपालिका वडा नं.-३, का अध्यक्ष नोमराज पौडेलले नेपाल रेडक्रस सोसाइटी धरमपानी उपशाखालाई आर्थिक सहयोग गरेका छन् । पौडेलले जन्मदिनको अवसर पारेर धरमपानी उपशाखा सभापती मोति पौडेललाई २१ हजार ४ सय ५० रुपैयाको चेक हस्तान्तरण गरेका हुन् । उनले आफु निर्वाचित हुनुपूर्व उपशाखालाई पहिलो महिनाको सेवा सुविधा वापत्को रकम दिने प्रतिवद्धता गरेका थिए । सोही अनुसार मंगलबार निर्वतमान वडा अध्यक्ष गिरीराज पौडेलको उपस्थितीमा चेक हस्तान्तरण गरेका हुन्। साथै अध्यक्ष पौडेलले सहयोग गरेको रकमबाट बुवा आमाको नाममा केशवराज, वेलाकुमारी अक्षयकोष स्थापना गरेका हुन्। जन्मदिनको अवसरमा नेंरेसो उपशाखामा अक्षयकोष स्थापना गरिएको यो पहिलो हो । अक्षयकोषमा संकलित रकम नेंरेसो धरमपानी उपशाखाको मातहतमा रहने गरी सामाजिक कार्यमा खर्च गरिने अध्यक्ष पौडेलले बताए ।

## झिमरुक गा.पा.द्वारा जेष्ठ नागरिकलाई सम्मान

झिमरुक । प्युठानको झिमरुक गाउँपालिकाले पालिका भित्रका जेष्ठ नागरिकहरुलाई एक कार्यक्रमको आयोजना गरि सम्मान गरिएको छ । पालिकाले ८ वटै वडाबाट सबैभन्दा जेष्ठ नागरिक मध्यबाट छनोट भएका १,१, जना पालिकाका जेष्ठ नागरिकलाई सम्मान गरिएको हो । जेष्ठ नागरिकलाई सम्मान तथा पालिका स्तरीय जेष्ठ नागरिक संजाल गठन गर्न बसेको भेलालाई सम्बोधन गर्दै पालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्रीले जेष्ठ नागरिकलाई समाजले हेर्ने दृष्टिकोण अलि फरक भएकोले सबैले आफ्ना बृद्धअबश्थाका आमाबाबु लाई घरबाटै माया र सम्मान गर्नुपर्ने बताए।

बृद्ध बाआमा बाजे बज्यैले परिवारको माया र सद्भाव खोजेको हुन्छन् । उनले भने, 'ऊनीहरुको सुरक्षा, संरक्षकत्व र हेरचाह गर्नु पर्छ ।' मान्छे जन्मेपछी बाल युवा बयष्क हुँदै बृद्ध हुनु जीवन चक्र भएकोले सबै जिम्मेवार भएर बृद्धहरुको हेरचाह र संरक्षकको भुमिका निर्वाह गर्नुपर्ने बताए । त्यस्तै पालिका उपाध्यक्ष प्रमोद पोखेलले समाजका आम वृद्धहरुको चाहाना भनेको परिवारको माया र सद्भाव चाहाने भएकोले ऊनीहरुको हेरचाहमा समय दिनुपर्ने बताए। उनले भने, 'सबै घरका सदस्यले वृद्धहरुको इच्छा र मनोभावना बुझेर काम गर्नु पर्छ।' झिमरुक गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष प्रमोद पोखेल, निमित्त प्रमुख प्रशासकीय अधिकृत हरि प्रसाद पोखेल, जेष्ठ नागरिकहरुको उल्लेख्य उपस्थिति रहेको थियो । उपाध्यक्ष प्रमोद पोखेलले स्वागत सँगै सुरु भएको कार्यक्रमको संचालन यामलाल पोखेलले गरेका थिए । कार्यक्रममा ८ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । सम्मान हुनेमा मति कुमारी जि.सी., राधादेबी थापा क्षेत्री, हुमा कुमारी महतरा, अमृता कुमारी जि.सी., लक्ष्मण भट्टराई, पबित्रा देबी खत्री क्षेत्री, खिमादेबी रोका र भुमा कामीलाई सम्मान गरिएको पालिकाले जनाएको छ ।

कार्यक्रममा जेष्ठ नागरिकहरुलाई नगद ४ हजार, दोसल्ला, तथा कदर पत्र र लौरो प्रदान गरिएको छ। झिमरुक गाउँपालिकाको कार्यालय मच्छिमा आयोजाना गरिएको कार्यक्रममा उपथित हुन नसक्ने जेष्ठ नागरिकहरुको सामाग्री निजका संरक्षकहरुलाई प्रदान गरिएको थियो। पालिका स्तरीय जेष्ठ नागरिक जञ्जाल गठन जेष्ठ नागरिकको हकहित र संरक्षणको लागि पालिकाका सबै वडाबाट भेला भएका जेष्ठ नागरिकको भेलाले बिष्णु प्रसाद शर्माको संयोजकत्वमा १० सदस्यीय पालिका स्तरीय जेष्ठ नागरिक संजाल गठन गरेको छ । जसको सदस्यमा केशवराज पोखेल, तेजबहादुर खडका, नुम बहादुर महतरा,पुतला परियार, निम बहादुर बि.क. तेजबहादुर पुन, टुक बहादुर बिश्वकर्मा, ठाकुर गिरी र नेत्रमान गिरी निर्विरोध चयन भएका छन् ।

## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
